# पे फोन सेवा संचालन सम्वन्धी विशेष निर्देशिका

१. उद्देश्य :-

आफ्नो निजी टेलिफोन नहूनेहरुका लागि पनि आधारभुत दूरसंचार सेवा सजिलै उपलब्ध हून सक्ने गरि सार्वजनिक स्थलहरुमा र सबैको पायक पर्ने स्थानहरुमा सार्वजनिक टेलिफोनको व्यवस्था गराउन निजी क्षेत्रको सहभागितामा पे फोन सेवा संचालन गराउने ।

२. पे फोन सेवा :-

पे फोन सेवा भन्नाले कार्ड अथवा टोकन अथवा मूद्रा प्रयोग गरेर मात्र वार्ता गर्न सकिने टर्मिनल उपकरण (टेलिफोन सेट ) लाई टेलिफोन नेटवर्कमा जडान गरि सार्वजनिक प्रयोगको लागि संचालन गरिने सेवालाई पे फोन सेवा भनिन्छ ।

३. अनूमतिपत्र लिनू पर्ने :-

पे फोन सेवा संचालन गर्न इच्छूक व्यक्ति वा संस्थाले प्राधिकरणबाट अनूमतिपत्र लिनू पर्नेछ ।

४. पे फोन सेवा संचालनका लागि निर्देशनः-

४.१ निवेदन साथ पेश गर्नू पर्ने विवरणहरु :-

पे फोन सेवा संचालन गर्न ईच्छूक व्यक्ति वा संस्थाले सेवा संचालन गर्न लिनू पर्ने अनूमतिपत्रको लागि निम्न अनूसार निवेदन पेश गर्नू पर्नेछ ।

- ४.१.१ दूरसंचारको अन्य अतिरिक्त सेवा संचालन गर्नेहरुको लागि प्रकाशित सामान्य निर्देशिकामा उल्लिखित सम्पुर्ण विवरणहरुका साथै सोमा उल्लिखित निवेदन फाराम भरि रीत पुर्वक दरखास्त पेश गर्नू पर्नेछ ।
- ४.१.२ आफूले सेवा संचालन गर्न चाहेको क्षेत्रहरु स्पष्ट रुपले खूलाई सो को Roll out Plan पेश गर्नू पर्नेछ ।
- ४.१.३ यस सेवा अन्तर्गत कून कून सेवा जस्तै :- स्थानीय, एस.टि.डि., आई.एस.टि.डि. कल उपलब्ध गराउने हो र सो वापत के कति शूल्क लिईने हो प्रष्ट रुपमा खूलाउनू पर्नेछ ।
- ४.१.४ संचालन गर्न खोजिएको पे फोन सेवामा प्रयोग हूने टर्मिनल उपकरण तथा कार्ड/टोकन/मूद्रा को Technical Specification पेश गर्नू पर्नेछ ।

५. पे फोन सेवा संचालकले पालना गर्नू पर्ने शर्तहरु :-

- ५.१ अनूमतिपत्रमा उल्लिखित शर्त अनूरुप सेवा संचालन गर्नू पर्नेछ ।
- ५.२ पे फोन सेवा संचालनमा प्रयोग गरिने टेलिफोन लाईन सम्वन्धमा नेटवर्क प्रदायकसँग गरिने सम्झौता एक आपसको संयूक्त प्रयासमा तय गर्नू पर्नेछ ।
- ५.३ पे फोन सेवा चौविसै घण्टा उपलब्ध हूने गरि व्यवस्था मिलाउनू पर्नेछ ।
- ५.४ पे फोन सेवामा सेवा संचालनको तर्फबाट प्रयोग भएका उपकरणहरुको सूरक्षा तथा मर्मत सम्भार गर्ने कार्यको दायित्व सेवा संचालक स्वयंको हूनेछ ।
- ५.५ पे फोन प्रयोग गर्ने विधि तथा कल गरे वापत लाग्ने शूल्क बारेको सुचना प्रत्येक पे फोन जडान भएको ठाँउमा सर्वसाधारणले बूझ्न सक्ने गरि राख्नू पर्नेछ ।
- ५.६ पे फोनबाट कल गर्नू पर्दा प्रयोग गरिने कार्ड/टोकन/मूद्रा पर्याप्त मात्रामा उपलब्ध हून सक्ने गरि व्यवस्था गर्नू पर्नेछ ।
- ५.७ पे फोन सेवामा जडान भएको टर्मिनल उपकरण (टेलिफोन सेट) जूनसूकै बखत दूरुस्त हालतमा (Working Condition) राख्नू पर्नेछ ।

५.८ अधिराज्यभित्र टेलिफोन नेटवर्क पूगेका ग्रामीण क्षेत्रहरुमा पनि पे फोन सेवा उपलब्ध गराउनु पर्ने दायित्व सेवा संचालकको हूनेछ ।

५.९ पे फोन सेवामा प्रयोग गरिने टर्मिनल उपकरणहरु ITU बाट प्रकाशित विभिन्न राय सूझाव (Recommendation) तथा नेटवर्क प्रदायकको Interface उपकरणसँग मेल खाने (Compatible) किसिमको हूनू पर्नेछ ।